# सिविन-नेपालद्वारा २०२० मा गरिएको नेपालमा बालबालिकाको अनलाइन यौन शोषणसम्बन्धी अध्ययनबाट प्राप्त केही महत्त्वपूर्ण तथ्यहरू

## १. पृष्ठभूमि




जनवरी २०२० को तथ्यांक अनुसार नेपालमा इन्टरनेट प्रयोगकर्ताहरू देशको कुल जनसंख्या २ करोड ८८ लाख ७ हजार मध्ये १ करोड २१ लाख अर्थात् ३५% नेपालीहरू इन्टरनेट प्रयोगकर्ताहरू छन् । यसैगरी झण्डै एक करोड मानिसहरू सामाजिक सञ्चाल प्रयोगकर्ताहरू रहेका छन्[1] । यसरी इन्टरनेट र सामाजिक सञ्जाल प्रयोग गर्नेहरूमा बालबालिका तथा किशोर किशोरीहरूको संख्या उल्लेख्य रहेको छ । यसमा पनि विश्वव्यापी महामारी कोभिड-१९ सिर्जित लकडाउनको यस अवधिमा त बालबालिकाको इन्टरनेट प्रयोग ह्वात्तै बढेर गएको पाइएकोछ ।

इन्टरनेट तथा सामाजिक सञ्जाल प्रयोगबाट बालबालिका तथा किशोर किशोरीहरूमा परेको प्रभावका बारेमा सिविन-नेपालले सन् २००८ मा नेपालमा पहिलो पटक नेपाली बालबालिकाको इन्टरनेट व्यवहार र जोखिमसम्बन्धी अध्ययन गरेको थियो । यस अध्ययनले नेपालमा प्रवेश गरेको इन्टरनेट सेवाबाट बालबालिकामा परेको नकारात्मक असरहरूलाई प्रकाशमा ल्याएपछि बालबालिकाको अनलाइन संरक्षणको सवाल चर्चाको विषय बनेको थियो । यसक्रममा यस अध्ययनले अनलाइनबाट बालबालिकाहरू यौन शोषणमा समेत परिरहेको तथ्य सार्वजनिक गरिसकेपछि सिविन-नेपालले सञ्चालन गरेको संचेतना तथा प्रस्तुत गरेको सुझावहरूका आधारमा सरकारले बालबालिकाको अनलाइन संरक्षणका सबालमा नीतिगत तथा व्यवहारिक सुधारका कार्यक्रम अगाडि सारेको थियो । वस्तुतः सिविन-नेपालले गरेको सोही अध्ययन पछि अनलाइन संरक्षणको विषयले सबैको ध्यान आकृष्ट गरेको हो र विभिन्न संघसंस्थाहरूले अनलाइन संरक्षणका लागि कार्यक्रमहरू सञ्चालन गर्न थालेका हुन् ।

यसरी इन्टरनेट तथा सामाजिक सञ्जालहरूको बालबालिका तथा किशोरकिशोरीहरूमा परिरहेको प्रभावका सन्दर्भमा २००८ पछिको अवस्थाका बारेमा थप अध्ययनको जरुरी परेको परिप्रेक्षमा सन् २०२० मा सिविन-नेपालले नेपालको सातै प्रदेशमा बालबालिकाको अनलाइन यौन शोषणसम्बन्धी अध्ययन सम्पन्न गरेको छ । ९ वर्ष देखि १९ वर्ष उमेर समूहका १७१४ जना बालबालिका तथा किशोर किशोरीहरूबीच गरिएको यस अध्ययनबाट रोचक तथा गम्भीर तथ्यहरू सार्वजनिक भएका छन् । प्राप्त तथ्यहरूलाई तल प्रस्तुत गरिएको छ ।

## २. अध्ययनबाट प्राप्त तथ्यहरू

### २.१ अनलाइन बालयौन शोषण

- अनलाइनमा नग्न फोटो, अडियो तथा भिडियोहरू बनाएर पठाउनका लागि दवाव झेल्नेहरूमा केटीहरूको तुलनामा केटाहरूको संख्या अधिक रहेको पाइएको छ ।
- नग्न फोटो, अडियो तथा भिडियोहरू बनाएर पठाउनका लागि दवाव दिने वा वाध्य पार्नेहरूमा प्रेमी, प्रेमिका, दौतरी, सबैभन्दा नजिकका साथीहरू र कतिपय अवस्थामा अपरिचित व्यक्तिहरू समेत रहेको पाइएकोछ । केहि विदेशी मूलका मानिसहरू पनि यस्ता गतिविधिमा संलग्न भइरहेको अध्ययनले देखाएको छ ।
- यौन प्रेरित सामग्रीहरू पठाउने माध्यममा प्रेमिका, प्रेमी, दौतरी र सबैभन्दा नजिकको साथीको हकमा अधिकतर सामाजिक नेटवर्किङ्ग साइटहरू र ईमेल प्रयोगमा रहेको पाइएको छ भने अपरिचित र विदेशीलाई पठाउने माध्यमका रूपमा सामाजिक नेटवकिङ्ग साइटहरू, ईमेल, अज्ञात लिंक र फोन समेत प्रयोग भएको देखिएको छ ।

[1] https://datareportal.com/reports/digital-2020-nepal

- अनलाइनमा ६३.३६% पुरुष र ३४.३५% महिलाले प्रत्यक्ष रूपमा क्यामेराको अगाडि नग्न देखिन बालबालिकालाई भनेका थिए । नग्न हुन दवाव दिनेहरूमा आफ्नै साथी, प्रेमिका वा प्रेमी, नातेदार, नजिकका साथी र कतिपय अपरिचितहरू पनि थिए ।
- कुल उत्तरदाताहरू मध्ये, १३७ जना (७.९९%) उत्तरदाताहरूलाई क्यामेराको अगाडि नग्न देखिन भनिएको थियो । यसरी नग्न बस्न दवाव खेप्ने उत्तरदाताहरूमा ५८ जना (६२%) केटा, ४७ जना (३४.३१%) केटी र २ जना (१.४६%) लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरू रहेका थिए । नग्न देखिन भन्नेहरूमा आफ्नै साथीहरू, सबैभन्दा नजिकका साथीहरू (Best friends), प्रेमिका, प्रेमी, आफन्त, केही अपरिचितहरू, विदेशीहरू र हेरचाहकर्ताहरू समेत रहेका छन् ।
- कुल उत्तरदाता १७१४ जना मध्ये ४५७ जना (२६.६६%) ले अनलाइनमा अपरिचित व्यक्तिहरूलाई भेटेको पाइएको छ । यसरी अपरिचित व्यक्तिहरूलाई अनलाइन भेट्ने उत्तरदाताहरू मध्ये १६३ जनालाई छुट्टै प्रत्यक्ष भेट्न भनिएकोमा १५४ (३३%) जनाले भने ती अपरिचित व्यक्तिसँग भेटघाट गरेका थिए । प्रत्यक्ष भेट्न जाने सबैले कुनै न कुनै रूपका यौन शोषणको अनुभव गरेका थिए ।
- कुल उत्तरदाताहरू मध्ये ३४० जना (१९.८३%) ले अनिच्छित अनलाइन यौन शोषण भोगेको उल्लेख गरेका छन् । यसरी अनलाइन यौन शोषणको सामना गर्ने उत्तरदाताहरूमा केटाको संख्या केटीको तुलनामा अधिक रहेको पाइएको छ,( ६५.५९% केटा र ३३.२४% केटी ) ।
- अनलाइन यौन शोषणमा परेका उत्तरदाताहरूमा ठूलोमात्रामा मानसिक असर परेको पाइएको छ । उत्तर दिनेक्रममा कतिपयले आफू मानसिक रूपमा समस्यामा परेको, कतिपयले पढाइमा ध्यान दिन नसकेको र मर्न मन लागेको र कतिपयले लामो समयसम्म दुखी भएको बताएका थिए ।
- यसरी अनलाइन यौन शोषणमा परेका ३४० उत्तरदाताहरू मध्ये ४८ (१४.१२%) जनाले यस प्रकारको घटना घटेपछि विद्यालय छोडेका थिए । विद्यालय छोडेकाहरू मध्ये १५ जनाले मात्र परामर्श सेवाको खोजी गरेका थिए भने ३४ जनाले आफूहरूलाई दैनिक जीवन व्यवहारमा बाधा परेको बताएका थिए । यी मध्ये ९ जनाले मात्र परामर्श सेवा पाउन सकेका थिए ।
- यसरी अनलाइन यौन शोषणको सामना गरेका ३४० जना उत्तरदाताहरू मध्ये २३३ (६८.५३%) जनाले मात्र परिवार, साथी वा पुलिसलाई खबर गरेका थिए । यसैगरी सामाजिक सञ्जाल तथा सम्पर्क ब्लक गर्ने, आएका कल तथा सन्देशहरूलाई उपेक्षा गर्ने, इन्टरनेटको प्रयोग बन्द गर्ने, सिमकार्ड परिवर्तन गर्ने र सामाजिक सञ्जालमा नयाँ अकाउन्ट खोल्ने कार्य गरेको बताएका थिए ।
- कुल उत्तरदाताहरू मध्ये १०७५(६२.७१%) जनालाई अनलाइनमा बाल यौन शोषण गर्नेहरूलाई दण्ड सजाय हुने जानकारी रहेको छ ।

## २.२ साइबर बुलिङ्ग

- यस अध्ययनका कुल उत्तरदाता मध्ये २५३ (१४.७६%) जनाले आफू साइबर बुलिङ्गको शिकार भएको बताएका थिए । उनीहरू मध्ये १७५(१०.२१%) जनाले आफ्नो बाबु आमालाई उनीहरूको इन्टरनेट बानी व्यवहार थाहा भएपछि पनि साइबर बुलिङ्गको सामना गरेका थिए ।
- यस अध्ययनका अनुसार साइबर बुलिङ्गको घटना सबैभन्दा बढी वागमती प्रदेशको काठमाडौं र मकवानपुरमा (२७%) रहेको पाइएको छ भने दोस्रोमा प्रदेश नं.२ को धनुषा (१८%) रहेको छ । यसपछि गण्डकी प्रदेशको कास्की र लुम्बिनी प्रदेशको बाँकेमा १३% का दरले बालबालिका तथा नवयुवाहरू माथि साइबर बुलिङ्ग भएको पाइएको छ ।
- साइबर बुलिङ्गको स्वरुपमा कमजोरीको फाइदा उठाउन खोज्ने, धम्की दिने, आफूलाई अमर्यादित लाग्ने भिडियो पठाउन दवाव दिने, मन नपर्ने फोटो/भिडियो पठाउन भन्ने लगायतका रहेको पाइएको छ ।

## २.३ अनलाइन व्यवहार

- यस अध्ययनमा संलग्न कुल उत्तरदाताहरू मध्ये ६३.०१% को सामाजिक नेटवर्किङ्गमा अकाउण्ट  रहेको छ ।
- दैनिक १ देखि २ घण्टा इन्टरनेट प्रयोग गर्ने उत्तरदाताहरू सबैभन्दा बढी (४०.३७%) रहेको पाइएको छ । दैनिक ६ घण्टा भन्दा बढी इन्टरनेट चलाउनको संख्या १३ (०.७६%) रहेको छ ।
- सामाजिक नेटवर्किङ्ग साइटहरू, गेमिङ र मनोरञ्जनका साइटहरू नै उत्तरदाताहरूले सबैभन्दाबढी रूचाएका इनटरनेट साइटहरू रहेका छन् ।

- यस अध्ययनमा सहभागी उत्तरदाताहरू मध्ये १४८८ (८६.८१%) जना इन्टरनेट सुरक्षाका बारेमा धेरथोर जानकार रहेको पाइएको छ । उनीहरू मध्ये ३४५(२३.१९%) जना मात्र पूर्ण रूपमा सचेत रहेको भेटिएको छ ।
- यस अध्ययनमा सहभागी अधिकांश उत्तरदाताहरूले अनायस नै इन्टरनेटमा यौनजन्य सामग्री हेरेको अनुभव उल्लेख गरेका छन् । यसबाहेक अन्य कारणहरूमा यौनजन्य सामग्री हेर्ने चाहना, जिज्ञासा, साथीहरूको दवाव र यस प्रकारको सामग्री हेर्ने लत रहेका छन् । यसरी यौनजन्य सामग्री हेर्नेहरूमा बालिका भन्दा बालकको संख्या अधिक रहेको छ ।

## निष्कर्ष

सिविनद्वारा गरिएको नेपालमा बालबालिकाको अनलाइन यौन शोषणसम्बन्धी अध्ययनले बालबालिका तथा नवयुवाहरू विरुद्ध हुने अनलाइन यौन शोषणका घटनाहरू कम्प्युटर र साइबरको अवास्तविक दुनियाँलाई छिचोलेर प्रत्यक्ष भेटघाट र यौन शोषणसम्म विस्तार भएको पुनर्पुष्टि गरेको छ । यसरी यौन शोषणमा पर्नेहरूमा बालिका/किशोरी भन्दा झण्डै दोब्बर संख्यामा बालक/किशोरहरू रहेको तथ्यहरूले देखाएका छन् । यस परिप्रेक्ष्यमा बालिका/किशोरी मात्र हैन बालक/किशोर र यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका बालबालिकाको अनलाइन सुरक्षाका लागि सोच्ने र केही गरिहाल्नु पर्ने बेला भएको छ ।

प्राप्त तथ्यहरूले हामीलाई रोकथाम तथा संरक्षणका कार्यहरू मात्र होइन बालबालिकाको मानसिक स्वास्थ्यका बारेमा पनि सोच्नुपर्ने तर्फ दिशानिर्देश गरेका छन् । यस अध्ययनले थुप्रै बालबालिकालाई अनलाइन यौन शोषणमा परेपछि विद्यालय छोड्न वाध्य गरेको छ र उनीहरूको दैनिक जीवनमा समेत असर परेको छ । उनीहरू मध्ये थोरैले मात्र आवश्यक परामर्श सेवा खोजेका र पाएका छन् । धेरै जना त मनोसामाजिक परामर्शबारे जानकार समेत छैनन् । यसका अतिरिक्त अनलाइन शोषण/दुर्व्यवहार एउटा अपराधिक कार्य हो र अपराधीलाई दण्ड सजाय हुन्छ भन्ने बारेमा पनि बालबालिका/किशोरकिशोरी र जनसमुदायलाई सचेत गराउन जरुरी भएको छ । सबैभन्दा पहिले त बालबालिकाहरूलाई इन्टरनेट सुरक्षाका बारेमा सचेत र सशक्त बनाइनु पर्दछ ताकि उनीहरू अनलाइन बाल यौन शोषणको जोखिममा नपरुन् र जोखिममा परेमा आवश्यक सहयोग लिन जागरुक बनुन् ।




बालबालिका तथा किशोरकिशोरीहरूलाई अनलाइन सुरक्षा प्रदान गर्नका लागि एकातिर आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनु पर्दछ भने अर्कोतिर सचेतनाका कार्यलाई पनि उत्तिकै प्राथमिकताका साथ अगाडि लैजानु पर्दछ । यसका लागि सबै सरोकारवालाहरू विशेषगरी राष्ट्रिय बालअधिकार परिषद, नेपाल प्रहरी, नेपाल साइबर ब्यूरो जस्ता सरकारी निकायहरू, इनटरनेट सेवा प्रदायकहरू, अभिभावक, शिक्षक, सरोकारवाला, निजी क्षेत्र, शैक्षिक प्रतिष्ठानहरू, गैसस, अगैसस र मनोचिकित्सकहरूको समन्वयात्मक तथा इमान्दार प्रयास जरुरी रहेको छ ।

---

CWIN
For Children, With Children